सम्वत् २०७५ सालको ऐन नं. ५

# आर्थिक वर्ष २०७५/७६ को सेवा र कार्यहरूको लागि संघीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना** : आर्थिक वर्ष २०७५/७६ को सेवा र कार्यहरूको लागि संघीय सञ्चित कोषमाथि व्ययभार हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

संघीय संसद्ले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "विनियोजन ऐन, २०७५" रहेको छ।

(२) यो ऐन सम्वत् २०७५ साल साउन १ गतेदेखि लागू हुनेछ।

२. **आर्थिक वर्ष २०७५/७६ को निमित्त संघीय सञ्चित कोषबाट खर्च गर्ने अधिकार** : आर्थिक वर्ष २०७५/७६ को निमित्त अनुसूची-१ बमोजिम संघीय सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरूका निमित्त सोही अनुसूचीको महल ४ मा उल्लिखित चालू खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च र महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा उल्लिखित जम्मा रकम रू.१२,२९,८०,६४,००,०००।- (अक्षरेपी बाह्र खर्ब उन्तीस अर्ब असी करोड चौसठ्ठी लाख रुपैयाँ) मा नबढाई निर्दिष्ट गरिए बमोजिम संघीय सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३. **विनियोजन** : (१) यस ऐनद्वारा संघीय सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/७६ को निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) बमोजिम अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान सङ्ख्यामा बचत हुने र कुनै अनुदान सङ्ख्यामा नपुग हुने देखिन आएमा अर्थ मन्त्रालयले बचत हुने अनुदान सङ्ख्याबाट नपुग हुने अनुदान सङ्ख्यामा रकम सार्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदानबाट अर्को एक वा एकभन्दा बढी अनुदानमा रकम सार्न तथा निकासा र खर्च जनाउन र चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च  व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

तर,

(क) एउटै अनुदान सङ्ख्याभित्रका बजेट शीर्षक/उपशीर्षकहरूमा रकमान्तर गर्दा जतिसुकै रकम रकमान्तर गर्न सकिनेछ।

(ख) पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

(४) प्रदेश वा स्थानीय तहका लागि अनुदान सङ्ख्या ७०१ र ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान रकम अन्य अनुदान सङ्ख्यामा रकमान्तर हुने छैन।

(५) उपदफा (१), (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान सङ्ख्या ५०१ देखि ६०२ सम्म विनियोजन भएको रकम

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

जुन अनुदान सङ्ख्यामा निकासा र खर्च हुने हो सोही अनुदान सङ्ख्यामा रकम सार्न तथा निकासा र खर्च जनाउन बाधा पर्ने छैन।

४. <u>अन्तर सरकारी वित्तीय हस्तान्तरण सम्बन्धी व्यवस्था</u> : (१) अनुदान सङ्ख्या ७०१ को रकम कानून बमोजिम प्रदेशले खर्च गर्न पाउने गरी अनुदानको रूपमा प्रदेश सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(२) अनुदान सङ्ख्या ८०१ को रकम स्थानीय तहले कानून बमोजिम खर्च गर्न पाउने गरी अनुदानको रूपमा स्थानीय सञ्चित कोषमा हस्तान्तरण गरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको रकममध्ये वित्तीय समानीकरण अनुदानको एक चौथाईले हुन आउने रकम महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित सञ्चित कोषमा प्रत्येक वर्षको साउन २५ गते, कार्त्तिक २ गते, माघ २ गते बैशाख २ गते गरी चार किस्तामा दाखिल गर्नेछ।

(४) उपदफा (३) बमोजिमको वित्तीय समानीकरण अनुदानबाट खर्च भएको रकमको विवरण प्रदेश वा स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा प्रत्येक वर्षको कार्त्तिक १ गते, माघ १ गते, बैशाख १ गते र असार मसान्तभित्र बुझाई सक्नु पर्नेछ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (४) बमोजिमको विवरण प्राप्त नभएसम्म वित्तीय समानीकरण अनुदान बापतको बाँकी रकम सम्बन्धित सञ्चित कोषमा दाखिल गरिने छैन।

(६) उपदफा (१) र (२) बमोजिमको अनुदान रकममध्ये सशर्त अनुदान रकमको एक चौथाई रकम महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित प्रदेश वा स्थानीय सञ्चित कोषमा प्रत्येक वर्षको साउन १ गते दाखिल गर्नेछ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(७) उपदफा (६) बमोजिम दाखिल भएको रकम प्रदेश वा स्थानीय तहले जुन योजना वा कार्यक्रमको लागि प्राप्त भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्नु पर्नेछ।

(८) प्रदेश वा स्थानीय तहको कुनै योजना वा कार्यक्रमको निमित्त प्रदेश वा स्थानीय तहमा उपदफा (१) र (२) बमोजिम हस्तान्तरण हुने सशर्त अनुदानको उपदफा (६) बमोजिम दाखिल भए बाहेक बाँकी रहेको रकम उपदफा (९) बमोजिम पेश भएको विवरणको आधारमा चौमासिक रूपमा महालेखा नियन्त्रक कार्यालयले सम्बन्धित प्रदेश वा स्थानीय कोषमा दाखिल गर्नेछ।

(९) प्रदेश तथा स्थानीय तहले सशर्त अनुदानबाट कार्यान्वयन गर्ने योजना वा कार्यक्रम सम्बन्धमा कार्यान्वयन हुने अवधि, कार्यान्वयनको अवस्था र खर्चको विवरण समेतका कुराहरू समावेश गरी उपदफा (१०) बमोजिमको कार्यविधि बमोजिम सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा बुझाउनु पर्नेछ।

(१०) नेपाल सरकारले सशर्त अनुदान रकम दाखिल गर्ने तथा विवरण पेश गर्ने, समपुरक र विशेष अनुदान रकम हस्तान्तरण गर्ने सम्बन्धमा आवश्यक कार्यविधि बनाउनेछ।

(११) सशर्त, समपुरक र विशेष अनुदानको रकम असार मसान्तसम्म खर्च नभई बचत भएमा सम्बन्धित प्रदेश वा स्थानीय तहले कोष तथा लेखा नियन्त्रक कार्यालयमार्फत संघीय सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

(१२) उपदफा (११) बमोजिम दाखिल नभएमा महालेखा नियन्त्रक कार्यालयले अर्को वर्ष हस्तान्तरण गर्ने वित्तीय समानीकरण अनुदानबाट समायोजन गर्नेछ।

५. **<u>योजना वा कार्यक्रम हस्तान्तरण र कार्यान्वयन सम्बन्धी विशेष व्यवस्था</u> :** (१) यस ऐन बमोजिम नेपाल सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम नेपालको

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

संविधानको अनुसूची-६ वा ८ बमोजिम प्रदेश वा स्थानीय तहको अधिकारको सूचीमा परेकोमा सम्बन्धित प्रदेश वा स्थानीय तहले त्यस्तो योजना वा कार्यक्रम आफैले कार्यान्वयन गर्न चाहेमा नेपाल सरकारको सम्बन्धित मन्त्रालयले प्रदेश वा स्थानीय तहले त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गर्न सक्ने देखेमा सम्बन्धित प्रदेश वा स्थानीय तहलाई हस्तान्तरण गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम योजना वा कार्यक्रम सम्बन्धित प्रदेश वा स्थानीय तहलाई हस्तान्तरण गरेको जानकारी अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(३) यस दफा बमोजिम प्रदेश वा स्थानीय तहलाई हस्तान्तरण भएको योजना वा कार्यक्रमको लागि विनियोजन भएको रकम कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित प्रदेश वा स्थानीय तहलाई यस ऐन तथा प्रचलित संघीय कानून बमोजिम निकासा दिनेछ।

(४) यस ऐन वा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश वा स्थानीय तहमा हस्तान्तरण भएको वा प्रदेश वा स्थानीय तहले स्वीकृत गरेको योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गराउन चाहेमा सम्बन्धित मन्त्रालयको स्वीकृति लिई सम्बन्धित कार्यालयले त्यस्तो योजना वा कार्यक्रम कार्यान्वयन गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम सम्बन्धित कार्यालयले योजना वा कार्यक्रम कार्यान्वयन गर्ने भएमा सोको निमित्त स्वीकृत भएको रकम प्रदेश वा स्थानीय तहले त्यस्तो कार्यालयको नाममा हस्तान्तरण गर्नु पर्नेछ ।

६. **<u>वित्तीय अनुशासन सम्बन्धी व्यवस्था</u>** : (१) प्रदेश वा स्थानीय तहले आफूले उठाएको राजस्व र यस ऐन बमोजिम प्राप्त गरेको अनुदान कानून बनाई खर्च गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कानून बनाउँदा देहायका कुराहरू पालना हुने गरी बनाउनु पर्नेछः–

(क) नेपाल सरकारको आर्थिक र वित्तीय नीति अनुशरण गर्ने,

(ख) सबै आय आफ्नो सञ्चित कोषमा दाखिल गर्ने,

(ग) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनको लागि प्रयोग गर्ने,

(घ) पूँजीगत खर्चको रुपमा विनियोजन भएको रकम चालू खर्चमा रकमान्तर गर्न नपाइने,

(ङ) आय व्ययको वर्गीकरण तथा लेखाङ्कन नेपाल सरकारले निर्धारण गरे बमोजिम राख्नु पर्ने ।

७. <u>**अख्तियारी तथा कार्यक्रम स्वीकृति सम्बन्धी व्यवस्था**</u> : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि विनियोजन भएको रकम प्रचलित कानूनको अधीनमा रही खर्च गर्ने अख्तियारी यो ऐन प्रारम्भ भएको दिनदेखि अधिकारप्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा कोष तथा लेखा नियन्त्रक कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै निकायलाई एकभन्दा बढी निकायबाट खर्च गर्ने गरी रकम विनियोजन भएकोमा विनियोजन भएको निकायको प्रमुखले यो ऐन प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र विनियोजन भएको सम्पूर्ण रकम खर्च गर्ने निकायहरूलाई बाँडफाँट गरी त्यसको जानकारी अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

(५) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम त्यस्तो कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(६) उपदफा (५) बमोजिम मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कुनै कार्यक्रम संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले अर्थ मन्त्रालयको सहमति लिनु पर्नेछ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको चौमासिक विभाजनमा संशोधन गर्नु पर्ने भएमा सम्बन्धित निकायले एक तह माथिको कार्यालय प्रमुखको स्वीकृति लिनु पर्नेछ।

तर राजपत्राङ्कित विशिष्ट श्रेणीको कर्मचारी प्रमुख भएको निकायमा निजले चौमासिक विभाजनमा संशोधन गर्न वाधा पुगेको मानिने छैन।

(८) उपदफा (७) बमोजिम संशोधन भएको जानकारी अर्थ मन्त्रालय र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

८. **<u>कार्यविधि तथा मापदण्ड बनाउन सक्ने</u>** : (१) यस ऐनको कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यविधि तथा मापदण्ड नेपाल राजपत्रमा प्रकाशन गरिनेछ।

९. **<u>आदेश जारी गर्न सक्ने</u>** : (१) यस ऐनको कार्यान्वयन गर्दा कुनै बाधा उत्पन्न भएमा नेपाल सरकारले आदेश जारी गरी आवश्यक व्यवस्था गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश नेपाल राजपत्रमा प्रकाशन गरिनेछ।

कानून तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची-१
(दफा २ सँग सम्बन्धित)

## नेपालको संविधान बमोजिम
## संघीय सञ्चित कोषमाथि व्ययभार हुने रकम

रू. लाखमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | १०१ | राष्ट्रपति | ८० | ० | ८० |
| २ | १०२ | उपराष्ट्रपति | ६० | ० | ६० |
| ३ | २०२ | संघीय संसद | २१८ | ० | २१८ |
| ४ | २०४ | अदालत | ४१२ | ० | ४१२ |
| ५ | २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ५२ | ० | ५२ |
| ६ | २०८ | महालेखा परीक्षकको कार्यालय | २४ | ० | २४ |
| ७ | २१० | लोक सेवा आयोग | ९१ | ० | ९१ |
| ८ | २१२ | निर्वाचन आयोग | ६५ | ० | ६५ |
| ९ | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | ६४ | ० | ६४ |
| १० | २१८ | न्याय परिषद् | १७ | ० | १७ |
| ११ | २२० | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ५९ | ० | ५९ |
| १२ | २२२ | राष्ट्रिय महिला आयोग | ९१ | ० | ९१ |
| १३ | २२४ | राष्ट्रिय दलित आयोग | ५६ | ० | ५६ |
| १४ | २२६ | राष्ट्रिय समावेशी आयोग | ५६ | ० | ५६ |
| १५ | २२८ | आदिवासी जनजाति आयोग | ५६ | ० | ५६ |
| १६ | २३० | मधेशी आयोग | ५६ | ० | ५६ |
| १७ | २३२ | थारू आयोग | ५६ | ० | ५६ |
| १८ | २३४ | मुस्लिम आयोग | ५६ | ० | ५६ |
| १९ | २५० | प्रदेश प्रमुखहरू | ३४३ | ० | ३४३ |

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | वित्तीय व्यवस्था | जम्मा |
| २० | ५०२ | अर्थ मन्त्रालय-आन्तरिक ऋण भुक्तानी | २२१,२५६ | ३५०,६४५ | ५७१,९०१ |
| २१ | ५०३ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ३८,२७६ | २००,१९३ | २३८,४६९ |
| २२ | ५०४ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (द्विपक्षीय) | ४,९६७ | ३५,८०४ | ४०,७७१ |
| २३ | ६०२ | अर्थ मन्त्रालय-फैसला वा आदेश अनुसार तिर्नुपर्ने रकम | ५०० | ० | ५०० |
| | | जम्मा | २६६,९११ | ५८६,६४२ | ८५३,५५३ |

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

# अनुसूची-२

(दफा २ र ३ सँग सम्बन्धित)

## संघीय सञ्चित कोषबाट विनियोजन हुने रकम

**रू. लाखमा**

| १ | २ | ३ | ४ | ५ | ५ | ६ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| १ | १०१ | राष्ट्रपति | १,१०१ | १,०७५ | ० | २,१७६ |
| २ | १०२ | उपराष्ट्रपति | २८२ | ३६ | ० | ३१८ |
| ३ | २०२ | संघीय संसद् | १२,०३९ | १४१ | ० | १२,१८० |
| ४ | २०४ | अदालत | ३५,७२० | ८,९०० | ० | ४४,६२० |
| ५ | २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ५,०४४ | २,७३७ | ० | ७,७८१ |
| ६ | २०८ | महालेखा परीक्षकको कार्यालय | ४,५२३ | ३,४६५ | ० | ७,९८८ |
| ७ | २१० | लोक सेवा आयोग | ६,७५० | ६७७ | ० | ७,४२७ |
| ८ | २१२ | निर्वाचन आयोग | ४,५५१ | ६०७ | ० | ५,१५८ |
| ९ | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | १,९५५ | ३२ | ० | १,९८७ |
| १० | २१८ | न्याय परिषद् | ४७८ | २८ | ० | ५०६ |
| ११ | २२० | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग | ६९० | १७५ | ० | ८६५ |
| १२ | २२२ | राष्ट्रिय महिला आयोग | १,०५३ | ७१ | ० | १,१२४ |
| १३ | २२४ | राष्ट्रिय दलित आयोग | २२२ | १२३ | ० | ३४५ |
| १४ | २२६ | राष्ट्रिय समावेशी आयोग | २२२ | १२३ | ० | ३४५ |
| १५ | २२८ | आदिवासी जनजाति आयोग | २२२ | १२३ | ० | ३४५ |
| १६ | २३० | मधेशी आयोग | २२२ | १२३ | ० | ३४५ |
| १७ | २३२ | थारू आयोग | २२२ | १२३ | ० | ३४५ |

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

| १ | २ | ३ | ४ | ५ | ५ | ६ |
|---|---|---|---|---|---|---|
| क्र.सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| १८ | २३४ | मुस्लिम आयोग | २२२ | १२३ | ० | ३४५ |
| १९ | २५० | प्रदेश प्रमुखहरू | १,९६० | ६२३ | ० | २,५८३ |
| २० | ३०१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ९७३,९६५ | ५८८,८९७ | ० | १,५६२,८६२ |
| २१ | ३०५ | अर्थ मन्त्रालय | १२५,४७० | ६७,३५८ | ० | १९२,८२८ |
| २२ | ३०७ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २४,९४५ | ४८,०३९ | ० | ७२,९८४ |
| २३ | ३०८ | उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय | ५०,८५९ | ४०४,५३९ | १६,७३७ | ४७२,१३५ |
| २४ | ३११ | कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय | ५,०३९ | ४२ | ० | ५,०८१ |
| २५ | ३१२ | कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय | २९९,३३६ | ३७,७८५ | ० | ३३७,१२१ |
| २६ | ३१३ | खानेपानी मन्त्रालय | ६,६६५ | १७२,७८९ | ० | १७९,४५४ |
| २७ | ३१४ | गृह मन्त्रालय | ४७३,३२१ | ६९,८२३ | ० | ५४३,१४४ |
| २८ | ३२५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २८,४३८ | १२,१३६ | ० | ४०,५७४ |
| २९ | ३२६ | परराष्ट्र मन्त्रालय | ३६,०४४ | १६,३२० | ० | ५२,३६४ |
| ३० | ३२९ | वन तथा वातावरण मन्त्रालय | १०३,०४६ | ४२,१५९ | ० | १४५,२०५ |
| ३१ | ३३७ | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | ७६,७९६ | ९३७,२८२ | ० | १,०१४,०७८ |
| ३२ | ३४० | महिला बालबालिका | ९,२७३ | १२५ | ० | ९,३९८ |

| १ | २ | ३ | ४ | ५ | ५ | ६ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| | | तथा जेष्ठ नागरिक मन्त्रालय | | | | |
| ३३ | ३४३ | युवा तथा खेलकूद मन्त्रालय | १५,१५७ | २२,३९७ | ० | ३७,५५४ |
| ३४ | ३४५ | रक्षा मन्त्रालय | ३८३,२४१ | ६७,८४१ | ० | ४५१,०८२ |
| ३५ | ३४७ | शहरी विकास मन्त्रालय | ४५,५५४ | १७१,००१ | ० | २१६,५५५ |
| ३६ | ३५० | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | ४६२,०६२ | ३,३०२ | ० | ४६५,३६४ |
| ३७ | ३५८ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | ४३,२६४ | १३,१९४ | ० | ५६,४५८ |
| ३८ | ३६५ | संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | ५३५,९८२ | ७५,३८५ | ० | ६११,३६७ |
| ३९ | ३७० | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | २५५,११२ | ८५,७११ | ० | ३४०,८२३ |
| ४० | ३७१ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | ३७,२५४ | २,०७४ | ० | ३९,३२८ |
| ४१ | ३९१ | राष्ट्रिय योजना आयोग | ६,२७८ | २४८ | ० | ६,५२६ |
| ४२ | ५०१ | अर्थ मन्त्रालय- वित्तीय व्यवस्था | ० | ० | ९५३,७८१ | ९५३,७८१ |
| ४३ | ५०३ | अर्थ मन्त्रालय- वैदेशिक ऋण भुक्तानी (बहुपक्षीय) | ११३ | ० | ० | ११३ |
| ४४ | ६०१ | अर्थ मन्त्रालय- कर्मचारी सुविधा तथा | ६१०,००० | ० | ० | ६१०,००० |



कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

| १ | २ | ३ | ४ | ५ | ५ | ६ |
|---|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पुँजीगत | वित्तीय व्यवस्था | जम्मा |
| | | सेवानिवृत सुविधा | | | | |
| ४५ | ६०२ | अर्थ मन्त्रालय- विविध | ४१८,००० | २८२,२३० | ० | ७००,२३० |
| ४६ | ७०१ | प्रदेश (वित्तीय समानीकरण) | ५०२,९८६ | ० | ० | ५०२,९८६ |
| ४७ | ७०१ | प्रदेश (सशर्त अनुदान) | ६३१,३५५ | ० | ० | ६३१,३५५ |
| ४८ | ८०१ | स्थानीय तह (वित्तीय समानीकरण) | ८५२,०७५ | ० | ० | ८५२,०७५ |
| ४९ | ८०१ | स्थानीय तह (सशर्त अनुदान) | १,०९८,४५६ | ० | ० | १,०९८,४५६ |
| | | जम्मा | ८,१८७,५६४ | ३,१३९,९८२ | ९७०,५१८ | १२,२९८,०६४ |

प्रमाणीकरण मितिः २२०७५।३।३२

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय